नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
प.ल.नं. १२७४-०७/०

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Ltd

CDS and Clearing Ltd.

पत्र संख्या : २०८०/०८१/११
चलानी नं. : १५४४

मिति: २०८०/११/२३

श्री सम्पूर्ण निक्षेप सदस्यहरू,

**विषयः डिम्याट खाता सम्बन्धी विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस लि. ले निक्षेप सदस्यहरुको भौतिक रुपमा अनुगमन तथा निरीक्षण गर्ने क्रममा निक्षेप सदस्यहरुले अद्यावधिक गर्नु पर्ने केही विवरणहरु अद्यावधिक नगरेको तथा अव्यवस्थित रहेको पाईएकोले देहाय बमोजिमको व्यवस्था तत्काल कार्यान्वयन गरी अद्यावधिक गर्नु हुन निर्देशानुसार अनुरोध गर्दछौं ।

**तत्काल अद्यावधिक गर्नु पर्ने कार्यहरु :**

१) केही निक्षेप सदस्यहरुले हितग्राहि खाता खोल्दा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २० बमोजिम खाता खोल्दा ग्राहक पहिचान विवरण पूर्ण रुपमा नभरेको र नागरिकता लगायतका आवश्यक कागजात एवं सम्झौता समेत पूर्ण रुपले नगरेको पाइएकोले उक्त विवरण चुस्त दुरुस्त गरेर मात्र हितग्राही खाता खोल्नु हुन साथै विनियम ३१ बमोजिम सम्पूर्ण विवरण तथा कागजातहरुको प्रभावकारी एवं सुरक्षित अभिलेख गर्नु हुन समेत निर्देशानुसार अनुरोध गर्दछौं ।

२) तहाँ निक्षेप सदस्यहरुले प्रकाशन गर्ने वार्षिक प्रतिवेदन लगायन अन्य प्रतिवेदनमा समेत निक्षेप सेवा प्रदान गरिने आफ्नो शाखा कार्यालयहरुको ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बर सहितको विवरण समेत प्रकाशन गर्ने व्यवस्था गर्नु हुन ।

३) तहाँ निक्षेप सदस्यहरुले आफ्नो वेवसाइटमा देशभर निक्षेप सेवा प्रदान गर्दै आएका शाखा कार्यालयहरुको ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बर सहितको विवरण अनिवार्य रुपमा तत्काल अद्यावधिक गर्नु हुन ।

<u>बोधार्थ</u> :
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

भवदीय,

.....................
कन्चन सापकोटा
प्रमुख - अभौतिकीकरण तथा निक्षेप शाखा

**शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल**
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-01-5360386/5316068/5360783, Fax: +977-01-5340357